मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ २ गते शुक्रबार ❑ 16 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## प्रदेश प्रमुख समक्ष महालेखाले पेश गऱ्यो वार्षिक प्रतिवेदन

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

महालेखा परीक्षकको कार्यालयले गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट समक्ष वार्षिक प्रतिवेदन पेश गरेको छ।

महालेखा परीक्षकको कार्यालयका उप-महालेखापरीक्षक बामदेव शर्मा अधिकारीले बिहीबार आर्थिक वर्ष २०८०/०८१ को सातौं वार्षिक प्रतिवेदन प्रदेश प्रमुख भट्ट समक्ष पेश गर्नुभएको हो । नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्ने संवैधानिक व्यवस्था छ। बुधबार महालेखा परीक्षक कार्यालयले उपधारा १ बमोजिम राष्ट्रपति रामचन्द्र पौडेल समक्ष आर्थिक वर्ष २०८०/०८१ को ६२ औं प्रतिवेदन पेश गरिसकेको छ।



प्रतिवेदन ग्रहण गर्नुहुँदै प्रदेश प्रमुख भट्टले राज्यका सबै क्षेत्रमा आर्थिक अनुशासन अपरिहार्य रहेको बताउनुभयो । 'आर्थिक अनुशासन भएमात्र सुशासन कायम हुनेछ। बेरुजु बढ्दै जानु भनेको सुशासनका लागि चुनौती थपिनु हो ।' प्रदेश प्रमुख भट्टले भन्नुभयो- 'बेरुजु रकमलाई जति कम बनाउन सकिन्छ उति नै आर्थिक समृद्धि हाँसिल हुन्छ । आर्थिक अनुशासन कायम गर्नका लागि राज्यका तीनै तह जिम्मेवार बन्नुपर्नेछ । सरकारी कर्मचारीहरू जवाफदेही बन्नुपर्दछ ।' प्रदेश प्रमुख भट्टले महालेखा परीक्षक कार्यालयले मुलुकमा आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व कायम गराउन सशक्त भूमिका निर्वाह गरेको बताउँदै सार्वजनिक सम्पत्तिको सदुपयोगमा सम्बन्धित निकायलाई थप सजग गराउने विश्वास व्यक्त गर्नुभयो । उहाँले बेरुजु फछ्र्योटका सन्दर्भमा प्रतिवेदनले उल्लेख गरेका विषयवस्तुलाई कार्ययोजनासहित कार्यान्वयनको खाँचो पनि उहाँले औंल्याउनुभयो।

प्रतिवेदनको अध्ययन गरी प्रदेशमा आर्थिक सुशासन कायम गर्नका लागि प्रदेश सरकारलाई सुझाव दिने बताउनुभयो।उपमहालेखापरीक्षक अधिकारीले महालेखाले क्षेत्रगत रुपमा औंल्याएका विषयलाई इमान्दार भएर कार्यान्वयन गरेको खण्डमा बेरुजु न्यूनिकरण हुने बताउनुभयो । उहाँले आर्थिक अनुशासन कायम गर्न पनि बेरुजु फछ्र्योटमा गम्भिर बन्नुपर्ने उल्लेख गर्नुभयो। साथै, प्रतिवेदनमाथि संसदमा गम्भीर छलफल गरी कार्यान्वयन हुने विश्वास व्यक्त गर्नुभयो।

प्रतिवेदनमा दिइएका सुझाव कार्यान्वयन भई प्रदेश सरकार तथा सार्वजनिक निकायमा पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्द्धनमार्फत् सुशासन कायम गर्न सहयोग पुग्ने हाम्रो विश्वास छ । उपमहालेखापरीक्षक अधिकारीले भन्नुभयो- 'सोका लागिप्रदेशसभाकालेखासमितिमा प्रतिवेदन उपर समयमा नै छलफल गरी सम्बन्धित सरकारी निकायहरूलाई आवश्यक निर्देशनको अपेक्षा महालेखा परीक्षकको कार्यालयले गरेको छ।'

कार्यक्रममा प्रदेश प्रमुखको कार्यालयका सचिव बद्रीनाथ अधिकारी, महालेखा परीक्षकको कार्यालयका नायव-महालेखापरीक्षक राजेन्द्रराज ओझा लगायत सहभागी हुनुहुन्थ्यो।

## रोजगारमैत्री प्रदेश निर्माणका लागि दुई प्रदेशबीच अनुभव आदानप्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले आयोजना गरेको रोजगारी क्षेत्रको सिकाई अनुभव आदानप्रदान कार्यक्रम गण्डकी र बागमती प्रदेश सरकारका सम्बन्धित मन्त्री तथा उच्च अधिकारीहरूको उपस्थितिमा सम्पन्न भएको छ । कार्यक्रममा प्रदेशबीच श्रम, रोजगार र उद्यम प्रवर्द्धनसम्बन्धी नीतिगत तथा कार्यान्वयन पक्षमा गरिएका कामहरूको अनुभव साझा गरिएको हो।



कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले वैदेशिक रोजगारीमा जाने श्रमिकले भोग्ने समस्या गम्भीर भएको र उक्त समस्यालाई समाधान गर्ने बाटोमा लाग्नुपर्ने आवश्यकतालाई औंल्याएका छन्। "गण्डकी प्रदेश सरकार युवालाई सीप सिकाएर स्वदेशमै अवसर सिर्जना गर्ने अभियानमा छ। सीप विकास तालिम केन्द्र र व्यवसायिक तालिम प्रतिष्ठान (जिटीईभीटी) मार्फत सीपमूलक तालिम दिइरहेका छौं।", उनले भने।

मन्त्री थापाले मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषा बनाउन गण्डकी सरकार कानुन निर्माण चरणमा रहेको उल्लेख गरे । व्यवसायिक क्षेत्रमा जनशक्तिको अभाव भएको बताउँदै आफू पनि व्यवसायिक फिल्डबाट आएको मान्छे भएकाले यो समस्या अनुभूति गरेको उनले बताए। उद्यमशीलता प्रवर्द्धन र राइट शेयरिङ कार्यविधि जस्ता माध्यमबाट गण्डकी सरकारले पार्ट टाइम रोजगारीको ढोका खोल्दै गरेको अभिव्यक्ति उनको छ। सीपमूलक शिक्षा र उद्यममैत्री वातावरणले वैदेशिक रोजगारीकै कारण देखिएको सामाजिक असन्तुलनलाई चिर्न सक्ने विश्वास मन्त्री थापाले गरेका छन् । बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले सिक्ने अवसर मिल्नु नै मुख्य कुरा भएको बताए। प्रदेशले गरेका राम्रा कामहरू जनताको बीचमा नलाँदा त्यसको औचित्यमाथि प्रश्न उठ्को भनाई उनको छ । "हामीले गरेका राम्रा अभ्यासलाई जनतासामु लैजानै पर्छ। गण्डकी प्रदेशका राम्रा पक्षहरू बागमतीले सिक्न सक्छ, र बागमतीका अभ्यासहरू गण्डकीले पनि लिनुपर्छ।", उनले भने। सामीको कार्यक्रम जनताको भोगाइसँग प्रत्यक्ष जोडिएको उत्कृष्ट कार्यक्रम भएको उनले उल्लेख गरे। रोजगार सिर्जनामा केन्द्रित बजेट र मानव संसाधन विकासमा केन्द्रित नीति-कार्यक्रम अबको अपरिहार्य रहेको उनले बताए।

उनले रोजगारी सिर्जनालाई प्राथमिकता दिँदै भौतिकभन्दा मानव विकासमा केन्द्रित हुनुपर्ने आवश्यकतालाई औंल्याए।

कार्यक्रममा गण्डकी प्रदेश सरकार र बागमती प्रदेश सरकारले श्रम रोजगारीको क्षेत्रमा गरेका प्रयास तथा सामी कार्यक्रमको हालसम्मको संक्षिप्त प्रगति विवरण पेश गरेका थिए । दुबै प्रदेशका सचिवहरू, सम्बन्धित मन्त्रालयका निर्देशक तथा कर्मचारी लगायतको उपस्थिति रहेको कार्यक्रमले श्रम बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गर्ने, उद्यमशीलता विकास गर्ने र प्रदेशस्तरमै रोजगारी सिर्जना गर्न सक्ने वातावरण निर्माणमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

## वातावरणीय महत्वबारे विश्वको ध्यानाकर्षण गराउन सगरमाथा संवाद आयोजना : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १ जेठ

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालका हिमाल र पहाडका वातावरणीय महत्वबारे विश्वको गम्भीर रुपमा ध्यानाकर्षण गराउन सगरमाथा संवादको आयोजना गरिएको बताउनुभएको छ।

सगरमाथा संवादको पूर्वसन्ध्यामा बिहीबार नेपाली उच्च पदाधिकारीहरुका लागि प्रधानमन्त्रीद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले वातावरणीय मुद्दामा लापरबाही र विलम्ब गरिए विनाशमा पुगिने भएकाले यसमा संसारको ध्यान पुग्न जरुरी रहेको बताउनुभयो।

कार्यक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाशीध प्रकाशमान सिंह राउत, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्रीहरु शेरबहादुर देउवा, डा बाबुराम भट्टराई र झलनाथ खनाल, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, मन्त्रीगणलगायत सहभागी हुनुहुन्थ्यो।

यही जेठ २ देखि ४ गतेसम्म नेपाल सरकारले पहिलो पटक काठमाडौंमा सगरमाथा संवादको आयोजना गर्दैछ । कार्यक्रमका लागि हालसम्म ३७ देशका १६० विदेशी पाहुना नेपाल आइसकेका छन्।

## गण्डकी प्रदेशमा राइड सेयरिङको प्रारम्भ

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

गण्डकी प्रदेश सरकारले राइड सेयरिङलाई मान्यता दिएसंगै आज राजपत्रमा प्रकाशित गर्दै उक्त सेवा प्रारम्भ भएको जनाएको छ।

मंगलबार बसेको क्याविनेट बैठकले राइड सेयरिङको नियमावली पारित गरेको थियो भने बिहीबार राजपत्रमा प्रकाशन भएसंगै आजैदेखि उक्त सेवा प्रारम्भ भएको प्रदेश सरकारले जनाएको छ।


उक्त नियमहरुको नाम "गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यस्थापन) नियमावली २०८२" रहेको छ । यो नियमावली प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुने भएको भनी राजपत्रमा उल्लेख गरिएको हो। यस बिषयमा पोखरा सहित गण्डकी प्रदेशका यातायात व्यवसायी तथा मजदुर संघ संस्थाहरुले बिरोध गरेका छन् । ५ वटा संघ संस्थाले संयुक्त रुपमा विहिबार प्रेस विज्ञेप्ति प्रकाशन गर्दै नेपाल सरकारको प्रचलित कानुन विपरित प्रदेश सरकारले गरेको गैह्र कानुनी कार्य भएको भन्दै आपत्ती जनाउदै प्रदेश सरकारले जारी गरिएको नियमावली तत्काल खारेज गर्न माग गरेका छन् । उक्त नियमावली खारेज नगरेमा सार्वजनिक सवारी साधन घर ग्यारेज खडा गरि आन्दोलनमा उत्रन बाध्य हुने व्यवसायीहरुले चेतावनी दिएका छन् । विगतमा व्यवसायीसँग भएका वार्ता संम्बादको वातावरणलाई लत्याउदै संघिय ऐन कानुनको बर्खिलाप हुने गरि प्रदेश सरकारले राइड शेयरिङको नियमावली ल्याएकोले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकी प्रदेशका संयोजक केदार पौडेलले बताउनु भयो। आफुहरुले महासंघ केन्द्रमा समेत यस बिषयमा गम्भिर भई आन्दोलनको नेतृत्व लिन आग्रह गरिएको जनाउदै यदि आफ्नो आम्दोलनमा केन्द्रले साथ नदिए केन्द्रको सम्बन्ध समेत तोड्न सक्ने उहाँको भनाई थियो । केही दिन पर्ख र हेरको अबस्थामा आफुहरु रहेको बताउदै अध्यक्ष पौडेलले माफुहरुको माग सम्बोधन भए आन्दोलनको विकल्प नभएको जनाउनुभयो । उहाँले भन्नुभयो "सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ८ (२) "निजि सवारी यातायात सेवाको लागि प्रयोग गर्न पाईने छैन" "कुनै एक प्रयोजनको लागि दर्ता भएको सवारी अर्को प्रयोजनको निम्ती प्रयोग गर्न नपाइने कानूनि व्यबस्था हुँदा हुदै यसको बर्खिलाभ हुने गरी प्रदेश सरकारले राइड सेयरिङ नियमावली ल्याएको छ।"

गण्डकी प्रदेश सरकारले हाल "राईड शेयरिङ" नियमावलीमा रातो प्लेटका निजी सवारी साधनलाई यात्रु आसोर पोसार गर्न दिने गरि नियमावली स्वीकृत गरि कार्यान्वयनमा ल्याएको विषयमा आफुहरुको गंभिर ध्यानाकर्षण भएको महासंघ गण्डकीले जनाएको छ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकी प्रदेशका प्रदेश संयोजक केदार पौडेल, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, गण्डकी प्रदेशका अध्यक्ष बिष्णु खत्री, नेपाल यातायात मजदुर संघ गण्डकी प्रदेशका अध्यक्ष किरण वावु पन्त, अखिल नेपाल यातायात मजदुर संघ, गुण्डकी प्रदेशका अध्यक्ष सूर्य पौडेल र एकिकृत यातायात मजदुर संगठन गण्डकी प्रदेशका अध्यक्ष हरिराम धितालले संयुक्त रुपमा जारी गर्दै प्रेस विज्ञेप्ति प्रकाशन गर्नु भएको हो।

प्रदेश सरकारले निश्चित मापण्ड बनायर उक्त राइड शेयरिङलाई मान्यता दिने गरी अघि बढेको प्रदेश सरकारका प्रवक्ता एवं आर्थिक मामिला मन्त्री डा.टकराज गुरुङले बताउनु भयो । चालू आर्थिक वर्षको आर्थिक ऐन अनुसार नियमावली बनाइएको प्रवक्ता डा.गुरुङले उल्लेख गर्नुभयो । दुई पाङ्ग्रे सवारीको अनुमति लिँदा सुरुमा २५ हजार र चारपांग्रेको ५० हजार तिर्नुपर्छ पर्छ भने दुईवटै सेवा दिन चाहने व्यक्ति वा कम्पनीले ७० हजार रुपैयाँ शुल्क तिनु पर्छ । नवीकरणका लागि भने अनुमतिको ५० प्रतिशत शुल्क वार्षिक रुपमा तिर्नुपर्ने व्यबस्था गरिएको छ। दुईपांग्रेलाई १२ हजार ५ सय, चारपांग्रेलाई मात्रै २५ हजार र दुईवटै सवारी चलाउन चाहनेले ३५ हजार

बाँकी अन्तिम पृष्ठमा ▶▶

# स्याङ्जाका स्थानीय तहको १६ करोड बेरुजु

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १ जेठ

स्याङ्जाका स्थानीय तहको बेरुजु १६ करोड भन्दा बढि रहेको पाईएको छ। महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको ६२ औँ वार्षिक प्रतिवेदन अनुसार जिल्लाका ११ स्थानीय तहको १६ करोड २० लाख ७ हजार रुपैयाँ बेरुजु रहेको पाईएको हो।

आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्दा रकमको आधारमा जिल्लामा सबैभन्दा बढी बेरुजु चापाकोट नगरपालिकाको छ भने सबैभन्दा कम विरुवा गाउँपालिकाको छ। चापाकोटको ३ करोड ११ लाख ४२ हजार रुपैयाँ छ भने बिरुवाको १३ लाख ८३ हजार बेरुजु छ।

जिल्लाका ५ नगरपालिका तर्फ पुतलीबजारको २ अर्ब ३९ करोड ४७ लाख ८२ हजार लेखापरीक्षण हुँदा १ करोड ४५ लाख ३३ हजार बेरुजु छ भने वालिङको २ अर्ब २८ करोड ७६ लाख ७७ हजारको लेखापरीक्षण गर्दा १ दशमलब १ प्रतिशतले हुने २ करोड ३० लाख ३० हजार बेरुजु देखिएको महालेखपरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ। गल्याङ्को १ अर्ब ७९ करोड ५३ लाख ४४ हजार लेखापरीक्षण गर्दा १ करोड १८ लाख २१ हजार बेरुजु देखिदा भीरकोटको १ अर्ब ५६ करोड ४६ लाख ७ हजारको लेखापरीक्षण गर्दा १ करोड २४ लाख ८८ हजार बेरुजु देखिन्छ भने चापाकोटको १ अर्ब ५२ करोड ४२ लाख ९८ हजारको लेखापरीक्षण हुँदा ३ करोड ११ लाख ४२ हजार बेरुजु देखिएको छ। स्याङ्जाका ६ गाउँपालिका तर्फ कालीगण्डकीको १ अर्ब ३१ करोड ५७ लाख ३१ हजार लेखापरीक्षण गर्दा ३१ लाख ६७ हजार बेरुजु देखिन्छ भने आँधीखोलाको १ अर्ब २१ करोड ८१ लाख ७९ हजारको लेखापरीक्षण गर्दा ९४ लाख ८० हजार बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ। बिरुवाको १ अर्व १३ करोड ७० लाखको लेखापरीक्षणमा १३ लाख ८३ हजार बेरुजु देखिदा हरिनासको १ अर्व ३ करोड ८५ हजार ९८ लाखको लेखापरीक्षण हुँदा ४ करोड ८१ लाख १२ हजार बेरुजु देखिन्छ। अर्जुनचौपारीको ९९ करोड ३५ लाख २० हजारको लेखापरीक्षण गर्दा ३६ लाख ५५ लाख बेरुजु देखिन्छ भने फेदीखोलाको ९३ करोड १५ लाख ९४ हजार लेखापरीक्षण हुँदा ३१ लाख ६७ हजार बेरुजु देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख गरिएको छ। गाउँपालिका तर्फ सबैभन्दा बढि बेरुजु हरिनासको देखिन्छ भने कम बिरुवाको रहेको छ। सार्वजनिक प्रतिवेदनमा उल्लेख भए अनुसार प्रतिशतको आधारमा सबैभन्दा बढी बेरुजु हरिनासको ४ दशमलब ६३ प्रतिशत देखिएको छ भने सबैभन्दा कम बिरुवाको शुन्य दशमलब १२ प्रतिशत मात्रै पाईन्छ।

स्थानीय तहको कुल बजेटको समग्रमा झण्डै १ प्रतिशत बेरुजु देखिएको छ। बेरुजु देखिनुमा स्थानीय तहले पूर्वतयारी विना योजना छनौट गरी बजेट विनियोजन गरेको, आयोजनाको प्राथमिकीकरण नगरी आयोजना बैंक बनाउने गरेको, कानूनले तोकेको सीमा उल्लंघन गर्दै रकमान्तर गरेको देखिन्छ। सरकारले निर्देशन गरेका नीति नियम र कानूनको पूर्ण पालना गरी सुधारका लागि पालिकालाई सार्वजनिक प्रतिवेदनले निर्देश गरेको छ।

# लुम्लेमा रोटरीको राइला तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल-भुटान अन्तर्गत कास्कीमा रोटरी युथ लिडरसिप अवार्ड (राइला)-२०२५ हुँदैछ। अन्नपूर्ण गाउँपालिका अन्तर्गत लुम्ले कृषि अनुसन्धन केन्द्रमा यही जेठ २ देखि ४ गतेसम्म हुने कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको छ।

१४ देखि १८ वर्ष उमेर समूहका किशोरकिशोरीले भाग लिन पाउने उक्त कार्यक्रम विशेषगरी नेतृत्व कौशल विकासका लागि महत्वपूर्ण मानिन्छ। रोटरी डिष्ट्रिक्टले हरेक वर्ष आयोजना गर्दै आएको राइला गत वर्ष पनि कास्कीकै ढिकुरपोखरको लेवाडेमा भएको थियो। डिष्ट्रिक्ट को-चेयर राजेन्द्र लिगलले गत वर्षको कार्यक्रमपछि यही नै गर्नुपर्छ भनी एकदमै डिमाण्ड आएकाले पोखरा नजिकै लुम्लेमा गर्न लागिएको प्रस्ट पारे। उनले म्याजिक इन लिडरसीप थिममा हुने कार्यक्रमले लिडरसिपका अलावा कम्युनिकेशन पावरसहित आत्मविश्वास बढाउन सघाउ पुग्ने बताए।

राइलामा करिब ६० देखि ७० जनाले भाग लिने अपेक्षा छ। रजिष्ट्रेसन जारी छ। रोटरीको डिष्ट्रिक्ट जोन-४ अन्तर्गत करिब डेढ दर्जन क्लब छन्। पोखरामै ११ वटा क्लब छन्। सबै क्लबहरु आयोजक रहने गरी कार्यक्रम भव्यरुपमा सफल पार्न लागिपरेका छन्। रोटरी वर्ष २०२५/०२६ का डिष्ट्रिक्ट गभर्नर विनोद कोइरालाले युवामा निहित प्रतिभा प्रस्फुटन र नेतृत्व क्षमताको विकासमा राइला रोटरीको अभिन्न अंग भएको बताउँछन्। 'जागौं, सिकौं, अघि बढौं' नाराका साथ हुने तीनदिने कार्यक्रममा नेपालभरबाट सहभागिता जनाउन सकिनेछ। सुन्दर, मनोरम स्थान लुम्लेमा प्रकृतिसँग रमाउँदै सहभागीले आफ्नो क्षमता विकास गर्न सक्ने छन्। सहभागीको क्षमता र सिकाइ आधारमा अवार्ड प्रदान गरिनेछ। कार्यक्रमको संयोजक रोटरी डिष्ट्रिक्टका को-चेयर एवं रोटरी अन्नपूर्णका पूर्व अध्यक्ष बाबुराम खनाल तोकिएका छन्। रोटरी फिस्टेल अध्यक्ष महेश्वर पहारी भने तालिम संयोजक हुन्। पोखराले यसपालि रोटरी फिस्टेलका पूर्व अध्यक्षसमेत रहेका डाइनामिक व्यक्तित्व विनोद कोइरालालाई डिष्ट्रिक्ट गभर्नर पाएको छ।

# विभिन्न कार्यक्रम सहित पोखरामा जेसीज सप्ताहन्त कार्यक्रम हुने

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १ जेठ

पोखरामा विभिन्न कार्यक्रम सहित जेसीज सप्ताहन्त कार्यक्रम हुने भएको छ।

यस बर्षको जेसीज सप्ताहन्त कार्यक्रम अर्न्तगत विभिन्न कार्यक्रम गरी मनाइने भएको पोखरा जेसीजले विहिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

उक्त कार्यक्रम अर्न्तगत जेठ ३ गते शनिबार निःशुल्क बृहत आँखा परिक्षण शिविर, निर्णय पुस्तिका (माईनुट) लेखन तथा वित्तिय साक्षरता तालिम, बिद्यार्थीलाई टिसर्ट वितरण, आर्थिक बिकास समवृद्धिको आधार, वर्तमान परिस्थिति सम्भावना र चुनौती बिषयक छलफल कार्यक्रम हुने भएको अध्यक्ष जेसी भाइराज राना मगरले बताउनु भयो। माछापुच्छ्रे गाउँपालिकाको भेडाबारी स्वास्थ्य चौकीमा आँखा परिक्षण शिविर हुने भएको हो भने आँखा सम्बन्धि अन्य जटिल समस्या भएकाहरुको लागि समेत निःशुल्क चश्मा सहितको अन्य उपचार हुने भएको मुल संयोजक कपिल पौडेलले बताउनु भयो। पहुँच नहुँदा दीर्घकालिन अन्धोपन, मोतिया विन्दुसम्म हुने हुँदा पोखरा जेसीजले"आँखा परिक्षण गरौं, दृष्टि बचाऔं" अभियान सहित उक्त कार्यक्रम गर्ने भएको उहाँले जनाउनु भयो। आँखा शिविरबाट माछापुच्छ्रे गाउँपालिका वडा नं. ५, ६, ८ का स्थानीय बासिन्दा लाभान्वित हुने भएका छन्।

एक दिने निर्णय पुस्तिका लेखन तथा वित्तिय साक्षरता तालिम पोखरा महानगरपालिका वडा नं. १७ गुप्तेश्वर बहुमुखी क्याम्पसको सभाहलमा ५० जना भन्दा बढीलाई व्यवहारिक अभ्यास तालिम सञ्चालन गरिने भएको उपाध्यक्ष किरण आचार्यले बताउनुभयो।

सोमबार पोखरा जेसीजले अन्नपूर्ण गाउँपालिका वडा नं. ४ स्थित प्रगतिशील मा.वि.मा अध्यानरत गरिब तथा जेहेन्दर विद्यार्थीलाई स्टेशनरी तथा सम्पूर्ण विद्यार्थीहरुलाई विद्यालय पोशाक (टि-सर्ट), खेलकुद सामग्री विद्यालय प्रांगणमा हस्तान्तरण गरिने भएको महासचिव रविन पौडेलले बताउनुभयो।

पोखराको कुटी रिसोर्टमा जेठ ६ गते हुने आर्थिक बिकास समवृद्धिको आधार, वर्तमान परिस्थिति सम्भावना र चुनौती बिषय छलफलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारी र नेपाल उद्योग वाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ जस्ता बिशषेज्ञ वक्ताहरुको सहभागिता हुने भएको छ।

तालिम बाट क्षमता अभिवृद्धी गर्ने, स्वास्थ्य समाजका लागि स्वास्थ्य जीवन सम्बन्धि सचेतना जगाउने, नव उद्यमीहरुलाई थप उत्साहित गराउँदै व्यवसायिक र औद्योगिक विकासमा टेवा दिने, युवा पुस्तालाई उद्यमशिलता तर्फ आकर्षित गर्न सहयोग गर्ने, योग्य जनशक्ति निर्माणका लागि शैक्षिक गुणस्तरीय शिक्षा वृद्धि गर्नका निमित्त आवश्यक योगदान गर्ने, जेसीजले गर्ने कार्यक्रम एवं कार्यशैलीहरुलाई समाजमा परिचित गराइ जेसीज ब्राण्डीङ्ग गराउने, स्थानिय सरकार, निकाय तथा विभिन्न संघ संस्थाहरु विच सुमधुर सम्बन्धको विकास गराउने, बार्षिक योजनामा निर्धारित तालिका अनुसार कार्यक्रम सम्पन्न गर्ने लक्ष्य रहेको जेसिजले जनाएको छ।

# शनिवार पोखरा रंगशालामा निःशुल्क आँखा शिविर हुदैं

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

मदन भण्डारी स्पोर्टस् एकेडेमी गण्डकी प्रदेशको आयोजनामा आगामी शनिवार पोखरामा निःशुल्क आँखा शिविरको आयोजना हुने भएको छ।

३२ औं मदन आश्रीत स्मृति दिवसको अवसर पारेर आँखा शिविरको आयोजना गर्न लागिएको हो। हिमालय आँखा अस्पतालको सहकार्यमा पोखरा रंगशालामा निःशुल्क आँखा जाँच तथा उपचार शिविर आयोजना हुने मदन भण्डारी स्पोर्टस् एकेडेमी गण्डकी प्रदेशका अध्यक्ष गिरमान गुरुङले जानकारी दिए। सामाजिक उत्तर दायित्व अन्तर्गतको उक्त शिविरमा पत्रकार, खेलाडीहरु, खेल प्रशिक्षक र रेफ्रीहरुले सहभागीता जनाउन समेत अध्यक्ष गुरुङले आग्रह गरेका छन। मदन भण्डारी स्पोर्टस एकेडेमीले स्थापना कालदेखिनै खेलकुदका गतिविधी संगै सामाजिक उत्तर दायित्व अन्तर्गत विभिन्न सामाजिक कामहरु गर्दै आइरहेको एकेडेमीका केन्द्रीय अध्यक्ष धुर्ब आचार्यले बताए।

# 'गण्डकी वाङ्मय पुरस्कार' कोइरालालाई

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

वरिष्ठ लोकगायिका एवं साहित्यकार हरिदेवी कोइरालालाई यस वर्षको 'गण्डकी वाङ्मय पुरस्कार' प्रदान गरिने भएको छ।

गण्डकी साहित्य सङ्गमले यही जेठ १० गते ९६औं गोकुल जयन्तीका अवसरमा उक्त पुरस्कार उहाँलाई समर्पण गर्ने भएको हो। प्रगतिशील साहित्य र लोकसङ्गीतका माध्यमबाट नेपाली समाजमा पुर्याएको योगदान बापत कोइरालालाई पुरस्कृत गर्ने निर्णय गरिएको पुरस्कार छनोट समितिका संयोजक सुरज उपाध्यायले जानकारी दिनुभयो। गण्डकी क्षेत्रमा क्रियाशील स्रष्टालाई हरेक दुई वर्षमा प्रदान गरिने उक्त पुरस्कारको राशि रू २० हजार रहेको छ। पोखरा महानगरपालिका-६ बैदाममा विसं २०१५ मा जन्मिनुभएकी कोइरालाले करिब पाँच दशकदेखि प्रगतिशील, जनपक्षीय तथा देशभक्तिपूर्ण गीत र कविता सिर्जना गर्दै आइरहनुभएको छ। उहाँले हालसम्म ८०० भन्दा बढी लोकगीत गाइसक्नुभएको छ भने उहाँका दर्जनौं कविता र गीत सङ्ग्रह प्रकाशित छन्।

उहाँका चर्चित कृति र सिर्जनामा 'मेरो देशको छातिभित्र दुःखेजस्तो लाग्छ', 'तरङ्ग', 'सारङ्गीमा भुल्यो मन', 'माइतै रमाइलो', 'के छ हजुर हालचाल यता रु', 'कसका जन्ती आए ?' लगायत छन्। मौलिक तीज सिर्जना र गायनमा पनि उहाँको विशेष योगदान रहेको छ। 'ऐना हेरेर', 'आमा तिम्रो दूधको भाराले', 'फूलको बासना' आदि उहाँका लोकप्रिय गीत हुन्। सङ्गीत-नाट्य प्रज्ञा प्रतिष्ठानको परिषद् सदस्यका रूपमा समेत काम गरिसक्नुभएकी कोइराला हाल पनि विभिन्न साहित्यिक तथा सांस्कृतिक संस्थासँग आबद्ध हुनुहुन्छ। 'गण्डकी वाङ्मय पुरस्कार' यसअघि भेषजराज शर्मा, डा भवानीप्रसाद पाण्डे, दिल साहनी, कुलबहादुर केसीलगायत स्रष्टालाई प्रदान गरिएको थियो।

# पूर्वमन्त्री बस्नेतसहित १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर

**रासस**
काठमाडौं, १ जेठ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले 'टेलिकम्युनिकेसन ट्राफिक मोनिटरिङ एण्ड फ्रड कन्ट्रोल सिस्टम' (टेरामक्स) खरिद प्रक्रियामा अनियमितता गरेको आरोपमा तत्कालीन सूचना तथा सञ्चारमन्त्री एवं प्रतिनिधिसभाका सांसद मोहनबहादुर बस्नेतसहित १६ जनाविरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ।

अख्तियारले नेपाल दूरसञ्चार प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर झा, प्राधिकरणका तत्कालीन सदस्य धनराज ज्ञवाली र टीकाप्रसाद उप्रेती, प्राधिकरणका तत्कालीन अध्यक्ष पुरुषोत्तम खनाल, प्राधिकरणका निर्देशक विजयकुमार राय, उपनिर्देशक रेवतीराम पन्थ, सुरेश बस्नेत, हिरण्यप्रसाद बस्ताकोटी र अच्युतानन्द मिश्रविरुद्ध मुद्दा दायर गरेको हो। प्राधिकरणका निर्देशक सुरेन्द्रलाल हाडा र दिपेश आचार्य एवं उपनिर्देशक सन्दिप अधिकारी, परामर्शदाता कम्पनीका प्रमुख कार्यकारी अधिकृत जमल अनौती, सोही कम्पनीका स्थानीय प्रतिनिधि दिलीपकुमार गुरुङ र निर्देशक तेजप्रसाद खरेलविरुद्धसमेत मुद्दा दायर भएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो। आयोगले तत्कालीन सञ्चारमन्त्री बस्नेत आरोपी सबै जनाविरुद्ध जनही रु तीन अर्ब २१ करोड, ८३ लाख, ७७ हजार १८२ बिगो मागदाबी गरेको छ। आयोगले दूरसञ्चार प्राधिकरणमा विचाराधीन रही बजेट तथा कार्यक्रममा समावेश गर्ने निर्णय नभइसकेको अवस्थामा तत्कालीन मन्त्रीले पदीय अधिकारको दूरपायोग गरी एकलौटी रूपमा प्राधिकरणले प्रस्ताव नगरेको थप कार्यक्रम समावेश गरी संस्थालाई हानीनोक्सानी पुऱ्याउने पृष्ठमूमि तयार गरेको, टेरामक्स खरिद कार्य पूर्वतयारी नगरेको, लागत अनुमान र खरिद गुरुयोजना तयार नगरेकोलयायत आरोप लगाएको छ।

यसैगरी प्रति निधिसभा सदस्य मोहनबहादुर बस्नेत पदबाट निलम्वित हुनुभएको छ। प्रतिनिधिसभाको बिहीबारको बैठकमा सभामुख देवराज घिमिरेले बस्नेत पद निलम्वन भएको पत्र पढेर सुनाउनुभयो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वमन्त्रीसमेतरहनुभएकाबस्नेतविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेपछि उहाँ भ्रष्टाचार निवारण ऐनअनुसार स्वतः पदबाट निलम्वन हुनुभएको हो।

## गण्डकी ...

तिरेर नवीकरण गर्न सकिने छ। आर्थिक ऐनमा अन्य व्यवस्था भए सोही बमोजिम कार्यान्वयन हुने नियमावलीमा उल्लेख छ। इजाजत विना राइड शेयरिङ सञ्चालन गरे कानुन अनुसार कारबाहीको व्यवस्था छ। नियमावली बमोजिम सेवा प्रयोजन थप नगरी सेवा सञ्चालन गरे पहिलो पटकका लागि दुई पांग्रेलाई ५ हजार र चारपांग्रे सवारीलाई १० हजार जरिवाना तोकिएको छ। दोस्रो पटकदेखि भने जरिवाना दोब्बर हुने व्यवस्था नियमावलीमा उल्लेख छ। उक्त राइड शेयरिङ एप्स संचालन गर्दा कम्पनी मार्फत मात्र दर्ता प्रकृया र अनुमति हुने भएको छ। उक्त कम्पनी मार्फत संचालन हुने सवारी साधनहरुको यातायात व्यबस्था कार्यालयबाट समेत एप्सको मार्फत निमयन र अनुगमन हुने भएको छ। यातायात व्यबस्था कार्यालयमा थप सेवा शुल्कको लागि दुई पांगें सवारी साधनले बार्षिक ५ हजार र ४ पांग्रेले भने २० हजार शुल्क तिर्नु पर्छ।


**Vacancy for Montessori Teacher**

**No. of Vacancy : 2**
**Salary : Negotiable**
**Specification:**
- Education : Intermediate or above
- Experience : at least one year
- Should be child friendly throughout the tenure
- Should have Montessori or equivalent training

**Interested candidate is request to contact**
Contact No. : 9846777708/9846562203
**NEPA KIDS MONTESSORI**
Banjhapatan, Pokhara-13



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि


डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि


डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# पूर्वमन्त्री बस्नेत भ्रष्टाचार आरोपमा मुद्दा दायर

झण्डा हल्लाउँदै अख्तियारमा बयान दिन पुगेका पूर्वमन्त्री ,कांग्रेस सांसद मोहनबहादुर बस्नेतविरुद्ध झण्डै सवा ३ अर्बको भ्रष्टाचार मुद्दा दायर भएको छ । २०७९ को चुनाव सिन्धुपाल्चोक २ बाट जितेका सांसद बस्नेतविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले 'टेलिकम्युनिकेसन ट्राफिक मोनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम' (टेरामक्स) घोटाला प्रकरणमा ३ अर्ब २१ करोड ८३ लाख ७७ हजार १८२ रुपैयाँ बिगो दाबी गरेको छ। बस्नेतसहित १६ व्यक्ति र २ कम्पनीविरुद्ध अख्तियारले भ्रष्टाचारको गम्भीर मुद्दा लगाएको छ। यीमध्ये ठूलो प-न्त्री भ बस्नेत सबैभन्दा प्रभावशाली हुन्। देउवा प्रधानमन्त्री हुँदा २०७४ मा बस्नेत सञ्चार मन्त्री भएका थिए। यही बेला उनले सम्भाव्यता अध्ययन, आपसी समन्वय, खर्चको स्रोतबारे पर्याप्त अध्ययन नगरी टेरामक्सबारे निर्णय लिएका थिए।

अख्तियारले यही आधारमा उनीमाथि अभियोग दर्ता गरेको हादूरञचार नियमावली, २०५४ को दफा ३४ (ग) को आशयविपरीत तत्कालीन मन्त्री बस्नेतले पदीय अधिकारको दुरुपयोग गरेको आरोप अभियोग पत्रमा लगाइएको छ। उनले एकलौटीरूपमा आर्थिक वर्ष २०७४/०७५ को वार्षिक कार्यक्रममा प्राधिकरणले प्रस्ताव नगरेको थप कार्यक्रम समावेश गरी नेपाल दूर सञ्चार ऐन, २०५३ ले गठन गरेको स्वायत्त संस्था नेपाल दूरसञ्चार प्राधिकरणको अधिकारलाई हस्तक्षेप गरी प्राधिकरणलाई हानी नोक्सानी गराउने पृष्ठभूमि तयार गरेको अख्तियारको अभियोगपत्रमा उल्लेख छ। 'तत्कालीन मन्त्री बस्नेतले सम्बन्धित संस्थाले कार्यक्रमको प्रस्ताव नै नगरी, प्रणाली सञ्चालनका लागि आवश्यक कानूनी/नीतिगत प्रबन्ध नै नगरी, सरोकारवाला निकायहरूसँग कुनै छलफल र समन्वय नै नगरी उक्त कार्यक्रमको खर्च व्यहोर्ने स्रोत/शीर्षकसमेत नखुलाई, कार्यक्रम सञ्चालन अवधिको किटान नगरी, बजेट सञ्चालनको मोडालिटी नतोकी, कार्यक्रम सञ्चालनपश्चात प्राप्त हुने नतिजा एकिन नगरी, मन्त्रालय तथा प्राधिकरणका कर्मचारी/पदाधिकारीहरूको राय सल्लाह नलिई र अनुसन्धानविना नै भीओआईपी नियन्त्रणका लागि टेरामक्स उपयुक्त रहेको भनी कार्यक्रम सञ्चालन गर्ने वार्षिक कार्यक्रम थप गरी पदीय हस्तक्षेप गरेको,' अभियोगपत्रमा उल्लेख छ।

नेपाल दूरसञ्चार ऐन, २०५३ को दफा ४५ र नेपाल दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०७३ को विनियम १४ ले प्राधिकरणको वार्षिक कार्यक्रम र बजेट तयार गर्ने विधि तोकेको छ। यस्ता कार्यक्रमको ढाँचा समेत निर्धारित भएकोमा सोविपरीत हुने गरी तत्कालीन मन्त्रीले आयोजना के कति कारणले उपयुक्त छ भन्नेबारेमा सम्भाव्यता अध्ययन नगरी लागत/बजेटको आंकलन नगरी कार्यान्वयन हुने वा नहुने बारेमा यकिन नै नगरी टेरामक्स उपयुक्त हुने निर्णय गरेका थिए। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ एवं नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावली, २०७३ को विनियम ६ र विनियम ९ बमोजिम टेरामक्स खरिद कार्यको पूर्वतयारी नगरेको अभियोगपत्रमा उल्लेख छ।

प्राधिकरणबाट तयार भएको रिक्वेस्ट फर प्रोपोजलको कार्य क्षेत्रगत सर्तमा के कस्तो सामान कति संख्यामा र कुन स्पेसिफिकेशनको उपलब्ध गराउनु पर्ने भन्ने बारेमा कुनै कुरा उल्लेख नभएको अख्तियारको आरोप छ। सार्वजनिक निकायले २० लाख रुपैयाँ वा सोभन्दा बढीको परामर्श सेवा खरिद गर्दा अनिवार्यरूपमा विद्युतीय खरिद प्रणालीको प्रयोगबाट मात्र गर्नुपर्ने व्यवस्थाको विपरीत प्रतिस्पर्धालाई संकुचित पार्ने उद्देश्यले टेरामक्स खरिदमा विद्युतीय खरिद प्रणालीको प्रयोग नगरेको समेत अख्तियारको दाबी छ।

खरिद सम्झौताका लागि १५ दिनको अवधि दिई २४ नोभेम्बर २०२१ मा भ्यानराइज सोलुसनलाई सूचना दिएकोमा सो सूचनाको आधारमा भ्यानराइज सोलुसनको १० डिसेम्बर २०२१ को बोर्ड बैठकबाट बिध म्यानेजमेन्टका अध्यक्ष भीमकान्त भण्डारीलाई अख्तियारी दिइएको थियो। भण्डारीले भ्यानराइज सोलुसनको नाममा १३ डिसेम्बर २०२१ मा प्यान दर्ता प्रमाणपत्र (नम्बर ६१७३८९१४७) लिएको देखिँदा भ्यानराइज सोलुसनले सम्झौता गर्न आउने सूचनाको जानकारी ढिलोमा १० डिसेम्बर २०२१ मा नै प्राप्त गरेको पुष्टि भएको अख्तियारको दाबी छ। कांग्रेसमा गिरिजप्रसाद कोइराला प्रभावमा भएका बेला जस्तै सभापति शेरबहादुर देउवाको वर्चस्व रहेकै बेला प्रभावशाली नेताविरुद्ध भ्रष्टाचार मुद्दा दायर भयो। कोइरालाको एकलौटी प्रभाव भएका बेला खुमबहादुर खड्का, चिरञ्जीवी वाग्ले र जयप्रकाश प्रसाद गुप्ताविरुद्ध भ्रष्टाचार मुद्दा लागेको थियो। भ्रष्टाचारमा मुद्दा दायर भएपछि सांसद पद निलमवन भएको छ। कानुनका अघि डनपनि पक्राउ पर्छन् भन्ने सन्देश गएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : आर्थिक समस्या |
| सिंह | : मानसिक तनाब | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# कालीगण्डकीको पानी लिफ्टमार्फत सिँचाइ

**रासस**
बागलुङ, १ जेठ

बागलुङकै ठूलो खेतीयोग्य जमिनमध्येकोएकबलेवाकोदम्काफाँटमा कालीगण्डकीको पानी पुऱ्याएर सिँचाइ गरिएको छ। करिब २४ हेक्टरको दम्काफाँटमा सिँचाइको अभावमा जमिन विस्तारै बाँझिन थालेपछि लिफ्टमार्फत कालीगण्डकीको पानी ल्याइएको हो।

दम्काफाँटमा ४० प्रतिशत जग्गा बाँझो भएपछि सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, पोखराले रु तीन करोड लागतमा फाँट मुनिको कालीगण्डकी नदीको पानी दम्काफाँटमा ल्याएको छ। अहिले लिफ्ट सिँचाइ आयोजनाको सफल परिक्षणसमेत सम्पन्न भइसकेको छ। यस वर्ष परिक्षणकै रुपमा केही भागमा सिँचाइ गर्ने र वितरण लाइन विस्तार गरेपछि २४ हेक्टर जमिन नै सिँचाइ गर्ने आयोजनाले जनाएको छ। लिफ्टमार्फत बागलुङमा सिँचाइ गरिएको यो सबैभन्दा ठूलो योजना हो। उर्भरभूमी रहेको दम्काफाँटमा एउटै याममा एक हजार ७०० मुरी धान फल्ने गरेको छ। सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाका प्रमुख विदुरमान श्रेष्ठका अनुसार २४ हेक्टर खेतियोग्य जमिन बाँझिदै जान थालेपछि ठूलो जोखिम मोलेर लिफ्ट योजना ल्याइएको बताउनुभयो। उहाँले कालीगण्डकी नदीबाट दम्काफाँट अलि माथि भएकाले 'डबल लिफ्ट' गरिएको बताउनुभयो। पहिलो १४० र दोस्रो १४३ मिटरमा दुई लिफ्ट प्रणाली मार्फत दम्काफाँटमा प्रतिसेकेण्ड पाँच दशमलव पाँच लिटर पानी ल्याउन सफल भएको श्रेष्ठले बताउनुभयो। "सहुलियत विद्युत् महशुलका कारण किसानलाई सिँचाइमा सहजता हुनेछ, कम लागतमा फाँट मुनिको पानी ल्याउँदा बाँझो जग्गा हराभरा हुने अपेक्षा हाम्रो छ", आयोजना प्रमुख श्रेष्ठले भन्नुभयो, "यस वर्ष मुख्य स्थानबाट सिँचाइ थाल्छौं, आगामी वर्ष वितरण लाइन समेत विस्तार गरेर दम्काफाँटको २४ हेक्टर जमिन नै सिँचाइ गराउँछौं, अहिले ठेक्का र उपभोक्ता समितिमार्फत रु दुई करोड खर्च भइसकेको छ।" निरन्तरको पहल तथा तत्कालीन सांसद तथा नगरप्रमुखको पहलमा दम्काफाँटमा योजना पर्न सफल भएको र अहिले कालीगण्डकीको पानी सफल रुपमा ल्याउन सकिएको बागलुङ नगरपाकिला-१३ का वडाध्यक्ष नारायण शर्मा पौडेलले जानकारी दिनुभयो। उहाँले बलेवाका अधिकांश जनताको खेतीयोग्य जग्गा दम्काफाँट भए पनि स्रोतको अभावमा हिउँदमा मात्रै नभएर वर्खामा समेत सिँचाइ असुविधा रहेको जानकारी दिनुभयो। स्थानीय नागरिकको वर्षौंदेखिको सिँचाइको माग पुरा गरिएको दम्काफाँट लिफ्ट सिँचाइ आयोजना, बागलुङ-१३ स्थित उपभोक्ता समितिका अध्यक्ष ओम तक्मेलले जानकारी दिनुभयो। उपभोक्ता समिति र ठेक्कामार्फत लिफ्ट सिँचाइ आयोजना सम्पन्न भएको जनाउँदै उहाँले उपभोक्ता समितिमार्फत २४ हेक्टर जग्गामा सिँचाइ सुविधा विस्तारको काम अझै बाँकी रहेको बताउनुभयो। रु एक करोड ४४ लाखमा पर्पैया/विएसी इलाम जेभीले २०८० असार २१ मा ठेक्का सम्झौता गरेर २०८१ पुस मसान्तमा निर्माण सम्पन्न गरेको थियो। त्यसपछि उपभोक्ता समितिमार्फत बाँकी काम सम्पन्न भएको हो। उपभोक्ता मार्फत अहिलेसम्म रु २७ लाख खर्च भइसकेको र उपभोक्ता समितिमार्फत लागत अनुमानमा भएको शाखा लाइन विस्तार लगायतको काम बाँकी रहेको छ।

# करोडौँ खर्चेर बनाएको पालिकास्तरीय अस्पताल भवन प्रयोगविहीन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ जेठ

अन्नपूर्ण गाउँपालिका-१, दोबामा रु पाँच करोड बढी खर्चेर निर्माण भएको पालिकास्तरीय अस्पताल भवन प्रयोगविहीन छ।

सङ्घीय सरकारको सबै स्थानीय तहमा आधारभूत तहको अस्पताल सञ्चालन गर्ने कार्यक्रमअनुसार अन्नपूर्ण गाउँपालिकाले दोबामा पाँच शय्या क्षमताको अस्पताल भवन निर्माण गरेको दुई वर्ष बितिसक्दा पनि प्रयोगविहीन भएको हो।

आठ वटा वडा रहेको अन्नपूर्णका सबै वडाका बासिन्दालाई पायक नहुनु, जनशक्ति र उपकरणको अभाव तथा भवन रहेको ठाउँसम्म पुग्ने सडकको जीर्ण अवस्थाका कारण भवन प्रयोग र अस्पताल सञ्चालन हुन नसकेको अन्नपूर्ण-१ का वडाध्यक्ष दिलीप गर्बुजाले बताउनुभयो।

"सरकारी मापदण्डअनुसार अस्पतालका लागि आवश्यक पर्ने जग्गा अन्य वडामा नपाएपछि दोबामा अस्पताल बनाउने निर्णय भएको हो", उहाँले भन्नुभयो, "भवन प्रयोगमा ल्याउन सबैभन्दा पहिले बेनी-जोमसोम सडकको भिरकाटेदेखि दोबासम्मको सडक स्तरोन्नतिका लागि सङ्घीय र प्रदेश सरकारसँग पहल गरेका छौँ।" भवनमा आकस्मिक सेवा कक्ष, अन्तरङ्ग, बहिरङ्ग सेवा, प्रयोगशाला, औषधी भण्डार, उपचारका लागि छुट्टाछुट्टै कक्ष र स्वास्थ्यकर्मी निवाससहित ३५ वटा कोठा रहेको छ। भवन निर्माणका लागि रु पाँच करोड १२ लाख ६० हजारमा सम्झौता भएको थियो।

अस्पतालका लागि आवश्यक पर्ने उपकरण, फर्निचर र भवन घेराबार गर्न धेरै रकम गर्नुपर्ने भएको छ। दोबाका बासिन्दाले अस्पताल निर्माण गर्न १२ रोपनी सात आना दुई दाम जग्गा निःशुल्क उपलब्ध गराएका थिए।

# उद्यमशीलता र रोजगारी प्रवर्द्धनका लागि उद्यमी छनोट

**पोखरापत्र संवाददाता**
दमौली, १ जेठ

यहाँको म्याग्दे गाउँपालिकाले २० जना उद्यमी छनोट गरेको छ। गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालय र दायित्व संस्थाको सहकार्यमा गाउँपालिकाले चालु आर्थिक वर्षको वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रमका लागि २० जना उद्यमी छनोट गरेको हो।

वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ अनुसार यही वैशाख १७ गते बसेको सञ्चालक समितिको बैठकले ४० जना उद्यमी छनोट गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो।

लघु तथा साना उद्यमीहरूको स्तरोन्नति गरी रोजगारी सिर्जना गर्ने उद्देश्यसहित सञ्चालन गर्न लागिएको यस कार्यक्रमका लागि एक सय ३९ जनाको निवेदन परेकामा ४० उद्यमी छनोट गरिएको थियो। छनोट भएका उद्यमीमध्ये मूल्याङ्कन समितिबाट २० उद्यमी, व्यवसायी तथा कृषकहरू छनोट गरिएको अधिकारीले जानकारी दिनुभयो। उद्योग तथा पर्यटन मन्त्रालयको रु ४० लाख, गाउँपालिकाको रु २० लाख र दायित्व संस्थाको रु १५ लाख लागतका कार्यक्रम सुरु गरिएको छ। कार्यक्रमअन्तर्गत पालिकाभित्रका उद्यमीहरूको खोजी तथा पहिचान गरेर सशक्तीकरणसँगै व्यावसायिकीकरण र बजारीकरणमा प्रोत्साहन गरिने गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो।

कार्यक्रम सञ्चालन तथा उद्यमीलाई सहजीकरण गर्नका लागि दायित्व संस्थाका एक जना उद्यम अधिकृतले गाउँपालिकामा बसेर सेवा प्रदान गर्नेछन्। यो कार्यक्रमअन्तर्गत, कृषि, पशुपालन, व्यापार, घरेलु उद्योगलगायतको प्रवर्द्धन तथा विकासको क्षेत्रमा काम गरिने दायित्व संस्थाले जनाएको छ।


## नागरीक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. १४ स्थित चौतारो संरक्षण योजनामा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरीक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : चौतारो संरक्षण**
**उपभोक्ता समितिको नाम : चौतारो संरक्षण उपभोक्ता समिति, पोखरा-१४, कास्की**
**योजना सम्झौता मिति : २०८१/०१/१४**
**योजना सुरु मिति : २०८२/०१/१५**
**योजना सम्पन्न हुने मिति : २०८२/०२/०१**
**महानगरपालिका बाट प्राप्त : ५,००,०००/-**
**जनसहभागिता : ५५,५५५/५६**
**कुल लागत : ५,५५,५५५/५६**

**शैलेष बानियाँ**
**अध्यक्ष**
**चौतारो संरक्षण उपभोक्ता समिति**
**पोखरा-१४, कास्की**


# मुस्ताङको ठिनी खोलामा धमाधम मोटरेबल पुल बन्दै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १ जेठ

जिल्लाको घरपझोङ गाउँपालिका थाकका पाँच गाउँ जोड्ने रिङरोडको ठिनी खोलामा धमाधम मोटरेबल पुल निर्माण भइरहेको छ।

गण्डकी प्रदेश भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालयले रु चार करोड ४६ लाखमा बहुवर्षीय ठेक्का लगाएर निर्माण प्रारम्भ गरेको हो। उक्त कार्यालयका सूचना अधिकारी घनश्याम मगरका अनुसार २०८३ साउन अन्त्यसम्ममा निर्माण सम्पन्न गर्नुपर्नेछ। पुल ३५ मिटर लामो र दुवैतर्फ दुई दशमलव चार मिटर पैदलमार्गसहित आठ दशमलव चार मिटर चौडा हुनेछ। हालसम्म भौतिक ४५ र वित्तीय प्रगति ३७ प्रतिशत भएको छ।

यसैबीच, प्रदेश सरकारले घरपझोङ गाउँपालिकाको थाक पाँच गाउँअन्तर्गत जोमसोम, ठिनी, ढुम्बा, स्याङ, छैरो-चिमाङ र मार्फा जोड्ने १० दशमलव पाँच किलोमिटर सडक स्तरोन्नति गरिरहेको छ।

# बन्दीपुरका एक सय किसानलाई मौरीसहित घार वितरण

**पोखरापत्र संवाददाता**
तनहुँ, १ जेठ



जिल्लाको बन्दीपुर गाउँपालिकाको कृषि शाखाले एक सय किसानलाई ५० प्रतिशत अनुदानमा मौरीसहितको घार वितरण गरेको छ।

गाउँपालिकाको ५० प्रतिशत र किसानको ५० प्रतिशत लगानीमा सेरेना जातका मौरीका घार उपलब्ध गराइएको हो। मह उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने लक्ष्यका साथ तीन दिनको मौरीपालनसम्बन्धी तालिम दिएसँगै मौरीसहितको घार उपलब्ध गराइएको गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "किसानलाई कृषिका क्षेत्रमा आत्मनिर्भर बनाउँदै आम्दानीतर्फ आकर्षित गराउन सीपमूलक र आयआर्जन क्षेत्रमा पालिकाले प्राथामिकता दिँदै आएको छ।" मौरीसहितको घारको मूल्य रु नौ हजार पर्ने जनाउँदै उहाँले वार्षिक कृषि कार्यक्रमअन्तर्गत मौरी पालन गर्न इच्छुक किसानलाई तालिम र मौरीसहितको घार वितरण गरिएको बताउनुभयो। पालिकाले तोरी र मुसुरोखेतीका लागि गत वर्ष रु तीन लाख विनियोजन गरेको थियो। तोरी र मुसुरोखेतीसँगै मौरीपालन गर्ने किसानलाई प्रोत्साहन गर्न घार सहयोग गरिएको अध्यक्ष थापाको भनाइ छ। गाउँपालिकाले मह, तेल र दालमा आत्मनिर्भर बनाउनका लागि पकेट क्षेत्रका रूपमा विकास गर्दै खेतीलाई विस्तार गर्दै लागेको पालिका कार्यालयले जनाएको छ। तीन दिनका लागि सञ्चालित मौरीपालन तालिम आज समापन हुँदैछ। तालिम सकिएपछि मौरीसहितको घार वितरण गर्ने योजना रहेकामा तालिम अगावै मौरी र घार आएकाले वितरण गरिएको अध्यक्ष थापाले जानकारी दिनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नम्बर ३२ शिवशक्ति लामेआहाल स्थित लामेआहालमा तटबन्धन निर्माणको तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

योजनाको नाम : सतिघाट तटबन्धन
उपभोक्ता समितिको नाम : लामेआहाल सतिघाट संरक्षण तथा तटबन्धन उपभोक्ता समिति
योजनाको कूल लागत : रु ४९७२३०१/८३
सम्झौता मिति : २०८१/१२/३
योजना शुरु मिति : २०८१/१२/१५
योजना सम्पन्न मिति : २०८२/१/२५
महानगरबाट प्राप्त हुनुपर्ने रकम : रु ४४५५०००
उपभोक्ता समितिबाट : रु ५१७३०१/८३
जम्मा खर्च : रु ४९७२३०१/८३

**उपभोक्ता समितिका पदाधिकारीहरु**
अध्यक्ष : रुमबहादुर पुन — उपाध्यक्ष : रामबहादुर शाही
सचिव : अमिर गुरुङ्ग — कोषाध्यक्ष : चिनमायाँ पुन
सदस्यहरु : इन्द्रबहादुर गुरुङ्ग, इच्छाबहादुर गुरुङ्ग, सुनिल थापा, सजिता पुन, मिलन पुन, शारदा गुरुङ्ग, मुक्ति गुरुङ्ग

**अनुगमन समिति**
शोभा विक-वडा सदस्य, सु.यामबहादुर गुरुङ्ग, कृष्णप्रसाद पाण्डे, अन्जना पुन

**लामेआहाल सतिघाट संरक्षण तथा तटबन्धन उपभोक्ता समिति पोखरा, ३२**

# यार्सा खोज्न हिमालतिर उक्लँदै चिमखोलावासी

रासस
म्याग्दी, १ जेठ

म्याग्दीको हिमाली क्षेत्रमा यार्सागुम्बा सङ्कलन गर्न थालिएको छ।

धवलागिरि गाउँपालिका-१ गुर्जा, वडा नं.-४ मुदी र रघुगङ्गा गाउँपालिका-७ चिमखोलाका बासिन्दाहरु यार्सागुम्बा खोज्न हिमाल फेदीको बुकी पाटनमा पुगेका छन् । गुर्जा, चुरेन र धौलागिरि हिमालको फेदीमा यार्सागुम्बा पाइने गर्छ।

धवलागिरी गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले गुर्जाका अधिकांश घरबाट यार्सा खोज्न हिमाली क्षेत्रमा गएका बताउनुभयो । गुर्जामा गत वैशाखको २६ गतेदेखि यार्सा संकलन गर्न खुला गरिएको थियो । गुर्जामा रहेका दुई सय ५० घरपरिवार मध्य एक घरबाट कम्तीमा एक जना यार्सा खोज्न गएका वडा अध्यक्ष छन्त्यालले बताउनुभयो । रघुगङ्गा गाउँपालिका-७ चिमखोलाका वडाध्यक्ष थकबहादुर पाइजा (रिम)ले हिउँदेबाली भित्र्याउने र बर्खेबाली लगाउने तथा उपभोक्ता समिति मार्फत सञ्चालित विकास आयोजनाको काम सकेर स्थानीयबासीहरु यार्सागुम्बा खोज्न धौलागिरि हिमाल फेदीको कालीबराह बुकीमा गएका बताउनुभयो । चिमखोलाबाट करिब ५० स्थानीयबासी यार्सागुम्बा खोज्न बुकीमा गएका छन् । वैशाखको अन्तिम सातादेखि जेठ महिनाको तेस्रो हप्तासम्मका लागि पुग्ने खाद्यान्न, लत्ताकपडा लिएर यार्सा खोज्न बुकी गएका हुन् । अनुकुल मौसम हुदाँ दैनिक एक सय गोटासम्म यार्सागुम्बा संकलन हुने र एक जनाले रु. दुई लाख भन्दा बढी आम्दानी गर्ने बताइएको छ । यार्सा सङ्कलकहरु बुकीमा ओढार र त्रिपालको छाप्रो हालेर बास बस्ने गरेका छन् । सङ्कलन भएको यार्सा स्थानीय स्तरमा प्रतिगोटा रु. दुई सयदेखि दुई सय ५० सम्ममा बिक्री हुने गरेको चिमखोले बुकीमा यार्सा सङ्कलन गर्दै गरेका गमान गर्बुजाले बताउनुभयो।

यार्सा सङ्कलन हिमाली क्षेत्रका बासीन्दाका लागि रोजगारी र आयआर्जनको माध्यम बनेको छ । यार्सा टिप्न जानेहरुले देवीदेवताको पूजापाठ गरी काम सुरु गर्छन् । यार्सा सङ्कलन हिमाली भेगका जनताका लागि मौसमी रोजगारी बनेको छ। यार्सा सङ्कलन भएपछि ठेकेदारले गाउँमै पुगेर यार्साको खरिद गर्दै आएका छन् । म्याग्दीमा केहि वर्षअघि वार्षिक २० किलोभन्दा बढी यार्सा निकासी हुने गरेकोमा पछिल्ला वर्षहरुमा मात्रा घटेको छ । चालु आर्थिक वर्षमा हालसम्म कसैले यार्सागुम्बा संकलनको अनुमति नलिएका डिभिजन वन कार्यालयका सूचना अधिकारी विनयबहादुर अधिकारी खत्रीले जानकारी दिनुभयो । यार्सागुम्बा सङ्कलन र निकासीका लागि राजस्व तिरेर सङ्कलन पुर्जी र छोटपुर्जी लिएर मात्रै यार्सागुम्बा बिक्री र निकासी गर्न पाइन्छ । गत वर्ष आधा किलोग्राम यार्सागुम्बाको लागि छोडपुर्जी जारी भएको थियो । प्रतिकिलो यार्सागुम्बा निकासी गर्न रु. १० हजार राजस्व तिर्नुपर्छ। हिमाली क्षेत्रमा पाइने यार्सागुम्बा न्यून मात्रामा भेटिने भएपछि यार्सा सङ्कलनकर्ताले सङ्कलन भएपछि मात्रै सोही बमोजिमको सङ्कलन पुर्जी काट्ने चलन छ । सर्वसाधारणबाट व्यवसायीहरुले प्रतिकिलो रु. पाँच लाखदेखि रु. छ लाखसम्ममा यार्सा खरिद गर्ने गरेका छन् । हालको बजारमूल्य प्रतिकिलो रु. आठलाखदेखि रु. १० लाखसम्म रहेको जानकार बताउँछन् ।

# जीविकोपार्जनमा सहकार्य गर्दै पोखरा २१

पोखरापत्र संवाददाता
पोखरा, १ जेठ



मनोसामाजिक अपाङ्गतामा भएका ब्यक्तिहरुको लागि पोखरा महानगरपालिका वडा २१ ले सहयोग गरेको छ।

बिहिवार वडा २१ मा उक्त वडा भित्रका २२ जना मानसिक स्वास्थ्य समस्या अनुभव गरेका ब्यक्तिहरुको लागि जीविकोपार्जन सम्बन्धी कुखुराको चल्ला र दाना वितरण गरिएको कोशिशका सस्था कि सामुदायिक अभियानकर्ता युमाया थापाले बताइन् । कार्यक्रममा कोशिश सस्था र कोशिश कास्कीको सहकार्य रहेको थियो।

कार्यक्रममा बोल्दै वडा अध्क्षय दीपक प्रसाद सुवेदीले २०७९ साल देखि हाल सम्म निरन्तर बजेट बिनियोजन गरेर सहयोग गर्दै आइरहेको बताए।

कार्यक्रमले स्थानीय तहलाई नैं जिम्मेवारी बनाउँदै बजेट विनियोजन गरी व्यक्तिलाई पारिवारिक सहयोग, आर्थिक रूपमा सब्य, समुदायमा लाल्छना विभेद कम गर्न, औषधि उपचारमा सहज र आफै लगानी गरी आत्मनिर्भर भई मानसिक स्वास्थ्यमा सुधार हुने उद्देश्य रहेको कोशिशकी सामुदायिक अभियानकार्ता थापाले उल्लेख गरिन् । कोशिश सस्थाले गरेको निरन्तर पैरवीका कारण पोखरा २१ ले हरेक वर्ष बजेट विनियोजन गरि कार्यावन्यन समेत गर्दै आइरहेको छ।

# ‘सगरमाथा संवाद’को तयारी पूरा, शुक्रबार उद्‌घाटन हुने

रासस
काठमाडौं, १ जेठ

नेपाल सरकारले पहिलोपटक आयोजना गर्न लागेको ‘सगरमाथा संवाद’को तयारी पूरा भएको छ।

‘जलवायु परिवर्तन, पर्वत र मानवताको भविष्य’ विषयमा पहिलो पटक सगरमाथा संवाद शुक्रबारदेखि यही जेठ ४ गतेसम्म काठमाडौँमा हुँदैछ । संवादको उद्‌घाटन समारोह शुक्रबार बिहान ‘द सोल्टी होटल’मा हुनेछ । परराष्ट्रमन्त्री एवं संवाद व्यवस्थापन समितिका संयोजक डा आरजु राणा देउवाले संवादको तयारीका सम्बन्धमा जानकारी दिँदै सम्मेलनमा १७५ विदेशी पाहुनासहित करिब त्यतिकै सङ्ख्यामा नेपाली सहभागी हुने बताउनुभयो । उहाँले भन्नुभयो, “संवादको तयारी पूरा भएको छ, संवादमा करिब ३५० जना सहभागी हुनुहुनेछ । बाह्र देशबाट उच्च तहको प्रतिनिधिमण्डल सहभागी हुनेछ ।” चीन, भारतलगायत मुलुकका विशिष्ट पाहुना नेपाल आइसक्नुभएको छ भने अन्य मुलुकका विशिष्ट अतिथि आउनेक्रम जारी रहेको मन्त्रालयले जनाएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीबाट सम्बोधन हुने उद्‌घाटन समारोहमा परराष्ट्रमन्त्री डा राणाले स्वागत मन्तव्य दिनुहुने छ। उक्त कार्यक्रममा संवादसम्बन्धी तयार पारिएको एक चिनारीयुक्त श्रव्यदृश्य सामग्री प्रस्तुत गरिनेछ। भारत र चीनका तर्फबाट प्रतिनिधिमण्डलको नेतृत्व गरेर आउनुहुने विशिष्ट पाहुना र कोप-२९ का अध्यक्ष तथा अजरबैजानका राष्ट्रपतिका जलवायु विषयसम्बन्धी प्रतिनिधिले सम्बोधन गर्ने कार्यक्रम रहेको संवाद सचिवालयले जनाएको छ।

कार्यक्रममा संवादलाई सम्बोधन गरी संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पठाउनुभएको श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गरिनेछ। उद्‌घाटनपछि बिहान ११:३० बजेदेखि दिउँसो १:३० बजेसम्म अन्तरराष्ट्रिय सम्मेलनको प्रारुपमा ‘प्लेनरी सेसन’ आयोजना हुनेछ । यस सत्रमा सहभागी सबै राष्ट्र र अन्तरराष्ट्रिय एवं क्षेत्रीय सङ्गठनको प्रस्तुती रहनेछ । शुक्रबार दिउँसो २:३० बजेदेखि १२ छुट्टाछुट्टै विषयका समानान्तर सत्रको सुरुआत हुनेछ। सबै सत्र शनिबार ४:३० बजेसम्म सम्पन्न हुने कार्यसूची छ । राजनीतिज्ञ, नीति निर्माता, विद्वान, विज्ञ एवं विषय ज्ञाता र अनुसन्धानकर्ताको गहन ढङ्गको छलफल एवं विचार आदानप्रदान तथा विश्लेषणका माध्यमबाट जलवायु परिवर्तन र पर्वतीय समस्या समाधान तथा सम्भावनामा जोड दिइनेछ। सगरमाथा संवादमा विभिन्न मुलुकका साथै सार्क, बिम्स्टेक, विश्व बैंक, एसियाली विकास बैंकलगायत विकास सहायता संस्था, विश्वविद्यालय, अनुसन्धान तथा सोध केन्द्र, नागरिक समाज, गैरसरकारी संस्थालगायतबाट ६१ विदेशी तथा स्वदेशी सङ्गठन एवं संस्थाले भाग लिनुहुने परराष्ट्र मन्त्रालयका सहसचिव एवं संवादको प्रचारप्रसार समितिका संयोजक लोकबहादुर पौडेल क्षेत्रीले बताउनुभयो।

# रत्नेचौर-ज्यामरुककोट-भकिम्ली सडक कालोपत्र हुँदै

पोखरापत्र संवाददाता
म्याग्दी, १ जेठ



अन्नपूर्ण गाउँपालिका-१, दोबामा रु पाँच करोड बढी खर्चेर निर्माण भएको पालिकास्तरीय अस्पताल भवन प्रयोगविहीन छ।

सङ्घीय सरकारको सबै स्थानीय तहमा आधारभूत तहको अस्पताल सञ्चालन गर्ने कार्यक्रमअनुसार अन्नपूर्ण गाउँपालिकाले दोबामा पाँच शय्या क्षमताको अस्पताल भवन निर्माण गरेको दुई वर्ष बितिसक्दा पनि प्रयोगविहीन भएको हो।

आठ वटा वडा रहेको अन्नपूर्णका सबै वडाका बासिन्दालाई पायक नहुनु, जनशक्ति र उपकरणको अभाव तथा भवन रहेको ठाउँसम्म पुग्ने सडकको जीर्ण अवस्थाका कारण भवन प्रयोग र अस्पताल सञ्चालन हुन नसकेको अन्नपूर्ण-१ का वडाध्यक्ष दिलीप गर्बुजाले बताउनुभयो। “सरकारी मापदण्डअनुसार अस्पतालका लागि आवश्यक पर्ने जग्गा अन्य वडामा नपाएपछि दोबामा अस्पताल बनाउने निर्णय भएको हो”, उहाँले भन्नुभयो, “भवन प्रयोगमा ल्याउन सबैभन्दा पहिले बेनी-जोमसोम सडकको भिरकाटेदेखि दोबासम्मको सडक स्तरोन्नतिका लागि सङ्घीय र प्रदेश सरकारसँग पहल गरेका छौँ।” भवनमा आकस्मिक सेवा कक्ष, अन्तरङ्ग, बहिरङ्ग सेवा, प्रयोगशाला, औषधी भण्डार, उपचारका लागि छुट्टाछुट्टै कक्ष र स्वास्थ्यकर्मी निवाससहित ३५ वटा कोठा रहेको छ। भवन निर्माणका लागि रु पाँच करोड १२ लाख ६० हजारमा सम्झौता भएको थियो । अस्पतालका लागि आवश्यक पर्ने उपकरण, फर्निचर र भवन घेराबार गर्न धेरै रकम गर्नुपर्ने भएको छ। दोबाका बासिन्दाले अस्पताल निर्माण गर्न १२ रोपनी सात आना दुई दाम जग्गा निःशुल्क उपलब्ध गराएका थिए।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नम्बर २७ चन्द्रकालिका मन्दिर संरक्षण तथा व्यामशाला निर्माण गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

योजनाको नाम : चन्द्रकालिका मन्दिर संरक्षण तथा व्यामशाला
ठेगानाः पोखरा-२७
योजना सम्झौता मिति : २०८१/१२/१२
योजना शुरु मिति : २०८१/१२/१६
योजना सम्पन्न हुने मिति : २०८२/१/२८
योजना सम्पन्न भएको मितिः २०८२/१/२५
योजनाको कूल लागत : रु ७,३६,८४२।-
महानगरबाट प्राप्त हुनुपर्ने रकम : रु ७,००,०००।-
जनसहभागिताबाट रकम : रु ३६,८४२।-
उपभोक्ता समिति सदस्य संख्याः ७ जना
महिलाः २ पुरुषः ५ जना
अध्यक्षको नामः कृष्ण रिजाल मो. ९८६०४९४९७१
अनुगमन समिति संयोजकः सूर्य बहादुर वाग्ले

**चन्द्र कालिका मन्दिर संरक्षण उपभोक्ता समिति**
**पोखरा, २७**



## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०२/०२)**

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्धारा बेसीशहर नगरपालिका भित्र भएर बग्ने मर्स्याङ्दी नदी तथा दोर्दी खोलाको बगर क्षेत्रबाट नदीजन्य पर्दाथ ढुंगा, गिट्टी तथा बालुवाको दिगो एवम् वातावरणमैत्री संकलन तथा उत्खनन् गर्न लागेको हुँदा सो कार्यसँग सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा तपसिल बमोजिमको मिति, समय र स्थानमा स्थानीय तथा सरोकारवालाहरुको उपस्थितीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुदाँ उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

| | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | वडा नं. ९ | वडा नं. १० | वडा नं. ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| समय | विहान ९ बजे | दिउँसो १ बजे | साँझ ५ बजे | विहान ९ बजे | दिउँसो १ बजे | साँझ ५ बजे | विहान ९ बजे | दिउँसो १२ बजे | दिउँसो ३ बजे | साँझ ५ बजे |
| मिति | २०८२/२/३ | | | २०८२/२/४ | | | २०८२/२/५ | | | |
| स्थान | वडा कार्यालय | | | वडा कार्यालय | | | वडा कार्यालय | | | |

**आयोजक**
**बेसीशहर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेसीशहर, लमजुङ**



**Government of Gandaki Province**
**Ministry of Social Development,Youth And Sports**
**Province Museum**
**Pokhara**

## Invitation for Electronic Bids

**IFB No: -PM/KASKI/NCB/W/02/081-82**
**Date of Publication: 16-05-2025**

1. Province Museum,Pokhara invites electronic bids only from eligible bidders for following works under NCB bidding procedure. Only eligible bidders with the following key qualifications should participate in the bidding for the contracts mentioned below.

| S.N. | Project Name | Contract ID | Fee of Bid Doc. (NRs.) | Bid Security Amount (NRs) and validity | AACT (NRs.) | Construction Work Experience Of similar Size And Nature |
|---|---|---|---|---|---|---|
| 1 | Construction of New Building After Dismantle Of Old Building | PM/KASKI/ NCB/W/ 02/081-82 | 5000.00/ | 700000.00/ 30 days beyond the validity period of the bid. | NPR-37000000.00 | One Building Contract with value NPR10000000.00 without VAT |

2. Submission and Opening:

| Submission | | Opening | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. |
| 15-06-2025 | 12.00 | 15-06-2025 | 13.00 | |
| Pre bid meeting-04-06-2025 12:00 Province Museum, Pokhara | | | | |

Information to deposit the cost of bidding document in Bank:

| Name of Bank | Name Of Office | Office code no | Account no | Rajaswa shirshak no |
|---|---|---|---|---|
| Rastriya Banijya Bank | Province Museum Gandaki Province Pokhara | 1-1-1-1 | 3500039024 | 14229 |

Bidders may obtain further information from the office Province Museum, Pokhara.
If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
Evaluation and qualification criteria as per Bid Document.